Sub.Code :3311

GRADE XI

**नेपाली (ऐच्छिक)**

**नमुना प्रश्नपत्र**

विद्यार्थीले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्नेछ । दायाँ किनारामा दिइएको अङ्कले पूर्णाङ्क जनाउँछ ।

.

**समय : ३ घण्टा** **पुर्णाङ्क : ७५**

**विद्यार्थीले उत्तर दिँदा सिर्जनात्मक र मौलिकताका आधारमा दिनुपर्ने छ ।**

**समूह - क**

**१. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् : ३ x ५ = १५**

**(क) तलको कथांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

एउटै सिरान गरेर सुतेपछि कहिलेकाहीँ गोडा लाग्छ नाइँ, झगडा भो भन्दैमा धर्म छोड्नु हुन्छ ? आफूले साँचो मनले उपकार गरेपछि यसको आत्माले पनि कर लाउँछ । अमृत रोपेको ठाउँमा विष फलेको कतै सुनेका छौ ? माटाको भर ढुङ्गो, ढुङ्गाको भर माटो, संसार भरै भरमा अडेको छ । यो भरको ताँदो छिन्नेबित्तिकै सबै भताभुङ्ग हुन्छ ।

**प्रश्नहरू**

(अ) प्रस्तुत कथांशका आधारमा गुमाने पात्रको स्वभावगत विशेषता उल्लेख गर्नुहोस् ।

(आ) माथिको कथांशले व्यक्त गरेको विचारबारे स्पष्ट पार्नुहोस् ।

**(ख) तलको कवितांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

छोडी विध्वंश सामग्री बोकेर शान्तिको ध्वजा
स्वच्छ विज्ञान चम्केको कहिले देख्न पाउँला ?

**प्रश्नहरू**

(अ) माथिको कवितांशको छन्दको नाम लेखी उक्त छन्दको गणसङ्केतसमेत देखाउनुहोस् ।

(ख) दिइएको कवितांशमा प्रयोग भएको शब्दशक्तिबारे उल्लेख गर्नुहोस् ।

**(ग) तलको निबन्धांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

दिन स्वच्छ थियो । नीलो आकाश नाङ्गा पर्वतहरूलाई त्यसै त्यसै निलुँला जस्तै गरेर हजारौँ म्वाइँ खाइरहेको थियो । सूर्य प्रशस्त सौन्दर्यले पृथ्वीलाई सिँगारिरहेको थियो । सारा हिमालको हिउँ झरेर कञ्चन कुइरोमा फेरिई रुवा जस्तै नदी बग्ने खोँचहरूमा टनाटन भरिए जस्तो देखिन्थ्यो ।

**प्रश्नहरू**

(अ) माथिको निबन्धांशमा प्रकृतिको मानवीकरण कसरी गरिएको छ ? लेख्नुहोस् ।

(आ) प्रस्तुत निबन्धांशका आधारमा निबन्धकारको मूल प्रवृत्तिबारे लेख्नुहोस् ।

**समूह - ख**

**तलका प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् : ४ x ५ = २०**

१. कथाका तत्त्वहरू उल्लेख गरी कथानकका बारेमा स्पष्ट पार्नुहोस् ।

अथवा

निबन्धकार सरला चापागाईँका निबन्धगत विशेषता उल्लेख गर्नुहोस् ।

२. "गोरे अब त्यस फुटपाथ स्टेट (सडक पेटी-राज्य) को सम्राट् थियो, टिकी पट साम्राज्ञी । चिम्से, घैटे, मन्त्री, मिनिस्टर ।" प्रस्तुत कथांशमा व्यक्त शब्दशक्ति उल्लेख गर्नुहोस् ।

३. रसका प्रकारहरू उल्लेख गर्दै करुण रसलाई सोदाहरण चिनाउनुहोस् ।

अथवा

गङ्गारामको न्याय एकाङ्कीको मूल सन्देश लेख्नुहोस् ।

४. "सन्त्राशदेखि पर" कथाको शीर्षक सार्थकता देखाउनुहोस् ।

## समूह - ग

**८. तलका कुनै दुई उद्धरणको सप्रसङ्ग व्याख्या गर्नुहोस् : २ x ५ = १०**

(क) आमा, हजुरलाई मेरो माया लाग्दैन हगि, फेरि पनि बाढी आयो भने हजुरले फेरि पनि मलाई नै पानीमा छाडिदिनुहुन्छ, होइन ?

(ख) समयको लामो सडक छ !
युगहरू छन् गल्ली, गल्ली !
मेरो आत्मा, एक दर्शक,
खोज्छ सुन्दर, हल्ली, हल्ली !

(ग) ऋतुरङ्गहरू र रङ्गऋतुहरू मैसित गुनगुनाइरहेका हुन्छन् । रङ्गमा ऋतु सन्निहित छन् : ऋतुहरूमा रङ्ग अन्तर्निहित छन् ।

## समूह - घ

**९. तलका प्रश्नहरूमध्ये कुनै दुईको विवेचनात्मक उत्तर दिनुहोस् । प्रश्न न.(क) अनिवार्य छ :२ x १० = २०**

(क) उपन्यासकार धच गोतामेका औपन्यासिक प्रवृत्ति उल्लेख गर्दै "घामका पाइला" उपन्यासको शीर्षक सार्थकता पुष्टि गर्नुहोस् ।

(ख) "दोषी चस्मा" कथामा केशवराजको कस्तो मनस्थितिको विश्लेषण गरिएको छ ?

(ग) "एउटा च्यातिएको पोस्टर" कथामा व्यक्त नारीवादी दृष्टिकोण स्पष्ट पार्नुहोस् ।

## समूह - ङ

**१०. तलका प्रश्नको उत्तर दिनुहोस् : २ x ५ = १०**

(क) लछमनियाको गौना कथामा व्यक्त सन्देश उल्लेख गर्नुहोस् ।

(ख) घामका पाइला उपन्यासको पहिलोदेखि पाँचौँ परिच्छेदका मुख्य मुख्य घटनाहरू टिपोट गर्नुहोस् ।